# पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको
# चंगा, ड्रोन, बेलुन नउडाउने तथा लेजर लाईटको प्रयोग नगर्ने सम्बन्धी
# ।।। सार्वजनिक सूचना ।।।

पोखरामा अवस्थित नयाँ तथा पुरानो विमानस्थलमा वायुयानको उडान तथा अवतरणको समयमा विमानस्थल आसपासको क्षेत्रमा चंगा, ड्रोन, बेलून उडाउने, लेजर लाईटको प्रयोग भएको तथा जथाभावी रुपमा फोहोर गरेको पाइएकोले यस सम्बन्धमा विमानस्थलको गम्भीर ध्यानाकर्षण भएको छ । विमानस्थल आसपासको क्षेत्रमा चंगा, ड्रोन, बेलून उडाउने कार्य तथा लेजर लाइटको प्रयोगले विमानको उडान सुरक्षामा गम्भीर असर पर्ने भएको हुदाँ यस किसिमको गतिविधि एंव क्रियाकलाप नगर्न,नगराउनुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ । विमानस्थल आसपासको क्षेत्रमा जथाभावि फोहोर मैला फ्याँक्ने तथा नहरमा मृत जिवजन्तु बगाउने जस्ता क्रियाकलापले समेत चराचरुङ्गी तथा वन्यजन्तुको गतिविधि बढ्न गई वायुयानको उडान/अवतरणमा असर पुर्‍याइरहेको हुदाँ फोहोर मैलाको उचित व्यवस्थापन गरि सुरक्षित हवाई सेवा संचालनका लागि सहयोग गरिदिनुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध छ, साथै कसैले यस सुचनाको अवज्ञा वा अटेर गरी उपरोक्त बमोजिमको गतिविधि गरे/ गराईएको पाईएमा प्रचलित कानून बमोजिम कडा कारवाहि हुने व्यहोरा समेत यसै सुचना मार्फत सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**धन्यबाद ।**